# आ.व.२०७७/०७८ को
# छौटौं नगर कार्यपालिका बैठकका निर्णयहरु

## मध्यनेपाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भोर्लेटार, लमजुङ
## विक्रम संवत् २०७७ साल जेठ २७ गते

१. कोभिड सम्बन्धमा ।

२. नगर सभा सम्बन्धमा ।

३. पदपूर्ति सम्बन्धमा ।

४. रकमान्तर सम्झौता सम्बन्धमा ।

५. सम्झौता सम्बन्धमा ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

७. कार्यविधि सम्बन्धमा ।

८. **RAPID RESPONSE TEAM** गठन गर्ने सम्बन्धमा ।

९. जेसीभी र स्काभेटर भाडामा लिने सम्बन्धमा ।

१०.खानेपानी सम्बन्धमा ।

११.चालुतर्फ रकमान्तर सम्बन्धमा

उल्लेखित प्रस्तावहरूमाथि छलफल गरी प्रस्तावगत देहायअनुसारका निर्यणहरू गरियो

**१.कोभिड सम्बन्धमा ।**

<u>निर्णय नं. १</u>

- नोवेल कोरोना भाईरस **(covid-19)** को संक्रमण देशभर फैलिरहेको अवस्थामा मध्यनेपाल नगरपालिकाका स्वास्थ्य चौकीहरूमा एक्सरे तथा कोभिड बिरामीका लागि सघन प्याथोलोजी सेवा नभएका कारण वडा नं. ६ स्थित मध्यनेपाल पोलिकिल्नीक र वडा नं. ४ स्थित दुइपिप्ले अस्पताल सँग समन्वय गरी उक्त सेवा लिने र सो बापतको खर्च नगरपालिकामा पेश भएको बिल बमोजिम उपलब्ध गराउने ।
- Covid अस्पतालमा चाहिने सामाग्री तथा औषधि व्यवस्थापन गर्न स्वास्थ्य शाखाको सिफारिसमा कार्यालय प्रमुख मार्फत नगरप्रमुख समक्ष पेश गरी भुक्तानी लिने निर्णय गरियो ।
- Covid संक्रमित भई होम आईसोलेसनमा रहेका बिरामीलाई तपसिल बमोजिमका शर्तहरूमा पोषण खर्च बापत १ जनालाई ३०००/- का दरले उपलब्ध गराउने साथै एकाघरका एकजना भन्दा बढी संक्रमित भएमा एकमुष्ठ चार हजार रुपैयामा नबढ्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

  तपसिलः
  - ✓ १४ दिन नियमानुसार होम आइसोलेसन बसेका हुनुपर्ने,
  - ✓ Pcr वा anitigen परिक्षण पाजेटिभ हुनुपर्ने,
  - ✓ वडा कार्यालय वा स्वास्थ्य चौकीको सम्पर्कमा रहेका र स्वास्थ्य चौकीमा अभिलेखीकरण भएका हुनुपर्ने,
- Covid सँग सम्बन्धित विषयमा तत्काल निर्णय गर्नुपर्ने भएमा तपसिल अनुसारको ३ सदस्यीय समितिले निर्णय गर्ने र उक्त निर्णयलाई कार्यपालिका बैठकमा पेश गरी अनुमादन गराउने निर्णय गरियो ।

  समितिः
  - ✓ नगर प्रमुख संयोजक
  - ✓ प्रमुख प्रशासकीय अधिकृत सदस्य
  - ✓ स्वास्थ्य शाखा प्रमुख सदस्य

- काभिड अस्पतालमा कार्यरत डाक्टर शुसिल पौडेललाई २०७८ साल बैशाख देखि लागु हुनेगरी मासिक ८ हजार रुपैया अवास खर्च बापत उपलब्ध गराउने निर्णय गरियो ।
- स्वास्थ्य शाखाको सिफारिसमा कार्यालय प्रमुख मार्फत नगरप्रमुख समक्ष पेश भएका कोभिड संक्रमण फैलिरहेका अवस्थामा कार्य गर्ने तपसिल बमाजिमका कर्मचारीहरूलाई मिति २०७८ साल बैशाख १५ गतेदेखि २०७७ असार मसान्त सम्म कर्मचारी कार्यरत रहेको तहको सुरु तलब स्केलको देहायअनुसारले हुनआउने रकम बराबरको रकम प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

- ✓ कोभिड अस्पतालमा कार्यरत कर्मचारीहरूका लागि सतप्रतिशत
- ✓ फन्ट्रलाइनमा कार्य गर्ने PCR टिम, CICTT टिम, बिरामी प्रेषण तथा शव व्यवस्थापन टिमलाई ७५ प्रतिशत
- ✓ अन्य स्वास्थ्यकर्मी तथा कोभिड सरसफाईमा संलग्न कर्मचारीलाइ ५० प्रतिशत

माथि उल्लेखित बाहेकका अन्य कोभिड संक्रमण फैलिरहेका अवस्थामा कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्नेमा प्रमुख प्रशासकीय अधिकृतको टीप्पणी आदेश नगर प्रमुखद्धारा स्वीकृत गरी गर्न सक्ने निर्णय गरियो ।

- यस नगरपालिकाभित्रका कोभिड संक्रमितहरुको उपचार तथा व्यवस्थापनमा खटिएका नगरपालिकाका कर्मचारीहरुको कार्य गर्दाका बखत कोभिड १९ को संक्रमण भई मृत्यु भएमा क्षतिपूर्ति स्वरुप १५ लाख रूपैया उपलब्ध गराउने निर्णय गरियो ।
- विश्वव्यापी फैलिरहेको कोभिडका कारण भैरहेको निषेधाज्ञाका कारणले ज्याला मजदुरी गरी खाने श्रमिकलाई खाद्यान्न अभाव परेको अवस्थाको पहिचान गरी आवश्यकता अनुसार नगर प्रमुखको तोक आदेशमा खाद्यान्न तथा स्वास्थ्य सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।
- कोभिड अस्पतालमा कार्यरत कार्यलय सहयोगी विपिन गुरुङ कार्य गर्न असमर्थ रहेकाले निवुवाटारी शहरी स्वास्थ्य केन्द्रमा कार्यरत का.स. मालती गिरीलाई उक्त अस्पतालमा कामकाज गर्न खटाउने निर्णय गरियो ।

२. **नगर सभा सम्बन्धमा ।**

**निर्णय नं. २**

अगामी नगरसभा असार ९ गते गर्ने निर्णय गरियो ।

**३. पदपूर्ति सम्बन्धमा ।**

**निर्णय नं. ३**

स्वास्थ्य चौकी तथा आयुर्वेद अस्पतालमा रिक्त रहेको तपसिल बमेजिमको पदमा पदपूर्तिका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

- ✓ नेटा स्वास्थ्य चौकीमा हे.अ. — १
- ✓ समिभञ्याङ स्वास्थ्य चेकीमा अ.हे.व. चौथो - १
- ✓ करापु स्वास्थ्य चेकीमा अ.हे.व. चौथौं — १

४. **सम्झौता सम्बन्धमा ।**

**निर्णय नं. ४**

- आ.व. २०७७/०७८ को लागि यस नगरपालिका क्षेत्रमा रहेको नदीजन्य पदार्थको ठेक्का आह्वन गरिएकोमा ठेक्का सम्झौता गर्न नआएको फर्म तिरुपति कन्ट्रक्सनको बिडबन्ड जफत गरी आन्तरिक

राजस्व खातामा जम्मा भएको तर मध्यनेपाल खानेपानी अन्तर्गत लिफ्ट खानेपानीको ट्रान्सफर्मर लगायतको ठेक्कामा रहेको मूल्याङ्कन गर्दा उक्त तिरुपति कन्स्ट्रक्सन अगाडि आएकाले सो सम्बन्धमा आवश्यक निर्णय गर्न भनी नगरपालिका कार्यालयबाट कार्यपालिकामा प्रस्ताव आएकाले उक्त फर्मलाई नगरपालिकाले कालो सूचीमा नराखेकाले सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

- सूर्यपाल स्वास्थ्य चौकी अस्पताल स्तरन्नोतीको ठेक्का सारभूतरुपमा प्रभावग्राही हनुमान कन्ट्रक्सन, हेटौंडा सँग सम्झौता गर्ने निर्णय गरियो ।
- मिति २०७७/१२/०५ को कार्यपालिका बैठकबाट पुरानो डिहि लामासोती खण्डमा फोहोर सरसफाई तथा तटबन्धन निर्माणको लागि विपद कोषबाट रु ५ लाख विनियोजन भएकोमा उक्त योजना उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउने निर्णय गरियो ।

**५. रकमान्तर सम्बन्धमा ।**

**<u>निर्णय नं. ५</u>**

- वडास्तरीय योजनाको सामाजिक विकास तर्फ क्र.सं. १९ को मालिका आधारभूत विद्यालय कम्पाउण्ड निर्माणतर्फ विनियोजित रु १ लाख ५० हजारलाई मालिका आधारभूत विद्यालय कम्प्यूटर खरिद, मर्मत र फर्निचर निर्माणतर्फ रकमान्तर गर्ने निर्णय गरियो ।
- वडास्तरीय योजनाको सुशासन तथा संस्थागत विकास तर्फको बाङ्ग्रे स्वास्थ्य चौकी व्यवस्थापनतर्फ विनियोजित रु २ लाख रुपैयालाई बाङ्ग्रे स्वास्थ्य चौकी बर्थिङ सेन्टरमा छानो र झ्याल ढोका व्यवस्थापनतर्फ रु १ लाख र शहरी स्वास्थ्य केन्द्र, बाङ्ग्रेमा झ्याल, ढोका, ट्वाईलेट व्यवस्थापनतर्फ रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।
- नगर मा. वि. स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीताबाट छनोट भई जिल्लामा भएको स्थानीय तह मा.वि. स्तरिय राष्ट्रपति शिल्ड प्रतियोगीतामा सहभागि भएका सहभागीको आवश्यक व्यवस्थापन खर्चका लागि नगरप्रमुख आर्थिक सहायता कोष शिर्षक तर्फबाट रु १ लाख ६५ हजार ४ सय रकमान्तर गर्ने निर्णय गरियो ।

६. **प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।**

**<u>निर्णय नं. ६</u>**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन भईरहेका तपसिल बमोजिमका आयोजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- ✓ मगर गाँउ जाने सिँढी निर्माण (i)— मध्यनेपाल ५- २,५0000/-
- ✓ जनमिलन आमा समुह भवन निर्माण- मध्यनेपाल ८- २00000/-
- ✓ आलेपानी देखि समिढुङगा सम्म जाने सिढी निर्माण- मध्यनेपाल ९- ३00000/-
- ✓ स्वास्थ्य चौकी जाने बाटो सोलिङ तथा कचौडे कुलो मर्मत — मध्यनेपाल १0-४00000/-
- ✓ मध्यनेपाल नगरपालिका भित्रका नियमित सडक मर्मत आयोजना -७७५५00/-

**७. कार्यविधि पारित सम्बन्धमा ।**

**<u>निर्णय नं. ७</u>**

तपसिल बमोजिमका कार्यविधि पारित गर्ने निर्णय गरियो ।

तपसिलः

- ✓ मध्यनेपाल नगरपालिका बहुप्राविधिक शिक्षालय कार्यविधि, २०७८
- ✓ मध्यनेपाल नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७८
- ✓ मध्यनेपाल नगरपालिकाको आईसोलेसन संचालन कार्यविधि, २०७८

**८. RAPID RESPONSE TEAM गठन गर्ने सम्बन्धमा ।**

**<u>निर्णय नं. ८</u>**

मनसुनका कारण नगरपालिकामा हुनसक्ने बाढी, पहिरो भुक्षयका कारण क्षतिको अवस्थालाई मध्यनजर राखि तपसिल बमोजिमका ३ सदस्यीय RAPID RESPONSE TEAM गठन गरी तपसिलको कार्यदिश दिने निर्णय गरियो ।

तपसिलः

- ✓ सूर्यप्रसाद पौडेल संयोजक
- ✓ उत्तम सुवेदी सदस्य
- ✓ विज्ञान रानाभाट सदस्य

**कार्यदिशः**

- ✓ विपदको घटना भैसकेपछि तुरुन्त घटना घटेको स्थानमा पुग्ने र घटनाको विवरण तयार गरी कार्यालयमा पेश गर्ने,
- ✓ विपदबाट मानिस, पशुपन्छी र खेतीपातीलाई थप क्षति हुनबाट जोगाउन तत्काल गर्नुपर्ने कार्यको लागत तयार गरी कार्यालयमा पेश गर्ने,
- ✓ विपदबाट मानिस वा सवारी साधनको आवागमन अवरुद्ध भएमा सो हटाई आवागमन सूचारु गर्न तत्काल गर्नुपर्ने कार्यको लागत तयार गरी कार्यालयमा पेश गर्ने,
- ✓ उक्त विपदका घटनाहरुमा दिर्घकालिनरुपमा गर्नुपर्ने कार्यहरुको अनुमानित लागत सहित सिफारिस गर्ने ।

**९.जेसीभी र स्काभेटर भाडामा लिने सम्बन्धमा ।**

**<u>निर्णय नं. ९</u>**

मनसुनका कारण बाढी पहिरोबाट हुनसक्ने क्षतिको समयमा परिचालन गर्न आवश्यकता अनुसार बढीमा ३ महिनाका लागि जेसीभी र स्काभेटर भाडामा लिने निर्णय गरियो ।

१०.**खानेपानी सम्बन्धमा ।**

**निर्णय नं. १०**

संघीय सरकार विशेष अनुदान अन्तर्गत ईशानेश्वर खानेपानीको ठेक्का बन्दोबस्ती गर्दा लागत स्टिमेट तयार गर्दा ईशानेश्वर लक्ष्मीबजार र भाटबेंशीमा पानीट्याङ्कीको आईटम छुट्न गएकाले उक्त खानेपानि आयोजनाको उपादेयीता उक्त क्षेत्रमा नदेखिएकोले उक्त आयोजनाबाट उपभोक्ता समितिको समेत लागत साझेदारि हुनेगरी माथि उल्लेखित दुईठाँउमा खानेपानी ट्याङ्की निर्माण गर्ने निर्णय गरियो ।

११.**चालुतर्फ रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं. ११**

तपसिल बमोजिम चालुतर्फका शिर्षक रकमान्तर गर्ने निर्णय गरियो ।